# प्रेस विज्ञप्ती - १३६
# Press Release-136

लागू औषध नियन्त्रण ब्यूरो
Narcotics Control Bureau
कोटेश्वर,काठमाडौं

मितिः-२०७२/०२/२० गते ।

## अबैध तथा नियन्त्रित लागू औषध सहित मानिसहरु पक्राउ

यस लागू औषध नियन्त्रण ब्यूरो कोटेश्वरबाट खटिएको अप्रेशन समूहले विभिन्न मिति र स्थानवाट निम्न बमोजिमको अवैध तथा नियन्त्रित लागू औषध सहित ५ जना मानिसहरु पक्राउ गरी आवश्यक अनुसन्धान तथा कारवाही भईरहेको छ ।

**निम्न :-**

१, मिति २०७२।०२।१२ गते जिल्ला काठमाण्डौ कागेश्वरी मनहरा न.पा.वडा नं. १० घर भई भक्तपुर जिल्ला गट्ठाघर बस्ने बर्ष ५६ की नानु मांया फुँयाललाई का.जि.का.म.न.पा.वडा नं.३५ जडीबुटीमा बाट नियन्त्रित लागु औषध डाईजेपाम (डाईजेल्याव) २३२ एम्पुल, बुप्रेनर्फिन (नुफिन) १०० एम्पुल, फेनारगन ६७ एम्पुल सहित पक्राउ गरी आबश्यक कारवाही भई रहेको ।

निज नानु मांया फुँयाल यसभन्दा पहिले पनि २ पटक यस पक्राउ परी कारवाही भईसकेको ब्यूरोको अभिलेखबाट देखिन आएको छ ।

२, मिति २०७२।०२।१२ गते जिल्ला महोत्तरी डाम्हीमडै गा.बि.स.वडा नं. ९ घर भएका बर्ष २५ को रन्धिर ठाकुर र जिल्ला मकवानपुर आग्रा गा.बि.स.वडा नं. ७ घर भएका बर्ष ५८ को चन्द्रे मिजार भन्ने चन्द्र बहादुर मिजारलाई का.जि.का.मन.पा.वडा नं. १४ बल्खु स्थित सडकबाट नियन्त्रित लागू औषध किनबेच गर्दै गरेको अबस्थामा फेला पारी निजहरुको शरिर तलासी लिदा क्रमश रन्धिर ठाकुरको साथ बाट नियन्त्रित लागु औषध डाईजेपाम (डाईजेल्याव) १३० एम्पुल, बुप्रेनर्फिन (नुफिन) १३० एम्पुल, फेनारगन १३० एम्पुल र अर्को चन्द्र बहादुर मिजारको साथ बाट डाईजेपाम (डाईजेल्याव) ३३ एम्पुल, बुप्रेनर्फिन (नुफिन) ३३ एम्पुल, फेनारगन ३३ एम्पुल सहित पक्राउ गरी आबश्यक कारवाही भईरहेको ।

निज रन्धिर ठाकुर र चन्द्र बहादुर मिजार दुवै जनालाई यस भन्दा पहिले पनि यसै ब्यूरो द्वारा पक्राउ गरी कारवाही भईसकेकोले निजहरु पटके अपराधी हुन ।

३, मिति २०७२।०२।१८ गते जिल्ला बारा खटुवाबन्दी गा.बि.स.वडा नं. ५ बस्ने बर्ष २८ की लिलावती राम चमार र ऐ. धरमनगर गा.बि.स.वडा नं. २ घर भएका बर्ष ३० को राम बाबु साहलाई बिशेष सुराकीको आधारमा का.जि.का.म.न.पा.वडा नं. १४ कलंकीबाट आँटा (पिठो) को बोरा बोकी हिडिरहेको अबस्थामा फेला पारी निजहरुको शरिर तथा आँटाको बोरा खानतलासी गर्दा बोरा भित्र नियन्त्रित लागू औषध डाईजेपाम (डाईजेल्याव) ७०० एम्पुल, बुप्रेनर्फिन (नुफिन) ७०० एम्पुल, फेनारगन ७०० एम्पुल गरी जम्मा २१०० एम्पुल र अवैध लागू औषध खैरो हेरोईन ३० ग्राम फेला परेकोले निजहरु माथि आबश्यक कारवाही भईरहेको ।

**बरामद** -१) **बुप्रेनर्फिन, डाईजेपाम, फेनारगन गरी २९८८ एम्पुल (९९६ सेट)**
१सेट नियन्त्रित लागू औषधको अवैध बजार मुल्य-रु. १५००।-
**९९६ सेट×१५००।-= रु १४,९४,०००।-**

२) अवैध लागू औषध **खैरो हेरोईन-३० ग्राम**
१ ग्राम खैरो हेरोईनको अवैध बजार मुल्य-रु. ५०००।-
**३० ग्राम×५०००।- = रु १,५०,०००।-**

फोन नं. ४६०१०४८ /फ्याक्स नं. ४६०१९७८
ईमेल : ncbnepal@gmail.com


Jeep
03/06/2015 16

